# लोक सेवा आयोग

व्यवस्थापिका-संसद सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

समय :- ३ घण्टा

२०७५/११/३

पूर्णाङ्क :- १००

पत्र :- द्वितीय

विषय :- सेवा सम्बन्धी

**तलका प्रश्नहरुको उत्तर वेग्लावेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

१. नेपालमा हालसम्म जारी भएका संविधान निर्माणका प्रक्रियाको विवेचना गर्दै विद्यमान नेपालको संविधान, संविधान सभाबाट निर्माण गर्ने क्रममा नेपालको अभ्यास कस्तो रह्यो ? आफ्नो मौलिक धारणा प्रस्तुत गर्नुहोस्। १५

२. संसदले कानून निर्माण गर्दा ध्यान दिनुपर्ने विषयहरु उल्लेख गर्दै संसदले कानून निर्माण पश्चात् पनि यसको कार्यान्वयनमा भूमिका खेल्नु पर्छ, Post-Legislative Scrutiny भन्ने भनाईका सम्बन्धमा आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुहोस्। (७+८)= १५

३. नेपालको संविधानले शक्ति सन्तुलनको सिद्धान्तलाई अंगिकार गरेको छ। तर व्यवहारमा सरकारका तीन अङ्गहरु मध्ये व्यवस्थापिका र न्यायपालिका भन्दा कार्यकारिणी बढी शक्तिशाली देखिएको भन्ने चर्चा परिचर्चा चलिरहेको छ। यस सन्दर्भमा शक्ति सन्तुलनको सिद्धान्तवारे प्रष्ट पार्दै नेपालमा यो सिद्धान्तको कार्यान्वयन कसरी भैरहेको छ विश्लेषण गर्दै के यसमा सुधार गर्नुपर्ने कुनै विषयहरु छन् ? स्पष्ट गर्नुहोस्। (५+५+५)= १५

४. संसदीय काम कारवाहीमा सञ्चार जगतको भूमिका कस्तो रहन्छ ? नेपालमा यस सम्बन्धमा सञ्चार जगतले खेलेको भूमिका कत्तिको प्रभावकारी रहेको पाउनुहुन्छ, विश्लेषण गर्दै संसद र सञ्चार जगत बीचको सम्बन्ध अझ बढी प्रभावकारी र फलदायी बनाउन के कस्ता उपाय अवलम्बन गर्नुपर्ला ? सुझाव प्रस्तुत गर्नुहोस्। (५+४+६)= १५

५. नेपालको संविधानमा मौलिक हकको रुपमा रहेको रोजगारीको हकको कार्यान्वयनका लागि के कस्ता चुनौतीहरु रहेको देख्नुहुन्छ ? यी चुनौती समाधानका लागि अपनाउनु पर्ने उपायहरु के के हुन सक्छन् ? लेख्नुहोस्। १५

६. सुशासनलाई असल शासन पनि भनिन्छ। सुशासन विना सरकारका नीति, सोंच र व्यवहार प्रभावकारी र जनपयोगी हुँदैनन्। यो यथार्थतालाई नेपालको संविधान र शासन व्यवस्थाले अंगिकार पनि गरेको छ। तर व्यवहारमा जनताले सुशासनको अनुभूति गर्न पाएका छैनन्। नेपालमा अहिले तीन तहको सरकारको व्यवस्था हुँदा पनि सरकारी निकायवाट जनताका काम छिटो छरितो रुपमा नहुनु, हचुवाका आधारमा नीति, कार्यक्रम र बजेट तयार हुनु, सर्वजनिक साधन र स्रोतको उपयोगमा मितव्ययिता र नियमितता नदेखिनु र भ्रष्टाचारका विषयहरु सबै जस्ता संस्थामा देखिनुले सार्वजनिक निकाय र संस्थाहरुमा सुशासनको सिद्धान्त अनुसार काम कारवाही नभएको स्पष्ट हुन्छ। यतिले मात्र नभै जनताले सरकारी कार्यालयबाट सेवा लिंदा अतिरिक्त पैसा तिर्नुपर्ने अवस्था रहेको कुरा बेला बखतमा सुन्न पाइन्छ। लोकतान्त्रिक शासन व्यवस्थामा आम जनतालाई मालिक भन्ने गरिन्छ। तर सरकारी पदाधिकारी तथा कर्मचारीले ती जनताका इच्छा, आकांक्षा र आवश्यकताका कार्यहरु गर्न ढिला सुस्ती गर्ने, अनेक निहुं पारी अतिरिक्त शुल्क लिने जस्ता परिपाटीले नेपालमा सुशासनको सिद्धान्तलाई

क्रमशः

इमान्दारीपूर्वक कार्यान्वयन गरिएको छैन भनी आलोचना पनि हुने गरेको छ । साथै राजनीतिक र प्रशासनिक दुवै तहले सुशासनको अवधारणालाई सुदृढ गर्नेभन्दा कमजोर बनाइरहेको भनी टिप्पणी पनि हुने गरेको छ । यस सन्दर्भमा सुशासनको सिद्धान्त र अवधारणालाई नेपालमा लागू गर्न नसक्नाको कारण र आधार के के छन् ? यो समस्या समाधान गरी सुशासन कायम गर्न के कस्ता उपायहरु अपनाउनु पर्ला ? यस सन्दर्भमा संसदीय समितिहरुले आफ्नो भूमिकालाई कसरी प्रभावकारी बनाउन सक्दछन् ? सुझावहरु प्रस्तुत गर्दै सुझाव कार्यान्वयनको ठोस तरिका समेत प्रस्तुत गर्नुहोस् ।

(७+६+६+६)= २५

*समाप्त*

Dotnepal.com